आज मिति २०८३/०२/०५ गतेका दिन यस नगरपालिकाका नगर प्रमुख श्री पुष्कर राज जोशी ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसि तपसीलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**<u>उपस्थिति</u>**

| सि.न. | नाम, थर | पद | उपस्थिति |
|---|---|---|---|
| १ | श्री पुष्कर राज जोशी | नगर प्रमुख | |
| २ | श्री कौशिला चन्द | नगर उप-प्रमुख | |
| ३ | श्री विष्णु दत्त भट्ट | वडा नं. १ अध्यक्ष | |
| ४ | श्री सुर्य बहादुर बोहरा | वडा नं. २ अध्यक्ष | |
| ५ | श्री अजब बहादुर पाण्डे | वडा नं. ३ अध्यक्ष | |
| ६ | श्री भान देव भट्ट | वडा नं. ४ अध्यक्ष | |
| ७ | श्री केशव राज लेखक | वडा नं. ५ अध्यक्ष | |
| ८ | श्री महेन्द्र सिंह कार्की | वडा नं. 6 अध्यक्ष | |
| ९ | श्री हरि दत्त बडू | वडा नं. ७ अध्यक्ष | |
| १० | श्री चामु सिंह थापा | वडा नं. ८ अध्यक्ष | |
| ११ | श्री मोहन देव जोशी | वडा नं. ९ अध्यक्ष | |
| १२ | श्री त्रिलोक सिंह बिस्ट | वडा नं. १० अध्यक्ष | |
| १३ | श्री जय दत्त पन्त | वडा नं. ११ अध्यक्ष | |
| १४ | श्री भुरी देवी बिस्ट | कार्यपालिका सदस्य | |
| १५ | श्री बसन्ती जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री माया पहरी | कार्यपालिका सदस्य | |
| १७ | श्री कलावती लावड | कार्यपालिका सदस्य | |
| १८ | श्री धाना देबी थलाल | कार्यपालिका सदस्य | |
| १९ | श्री दिनेश बहादुर सिनाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिनोद राम लोहार | कार्यपालिका सदस्य | |
| २१ | श्री प्रेम दयाल | कार्यपालिका सदस्य | |
| २२ | श्री केशव राज सुबेदी | सचिव | |

CS CamScanner

**प्रस्तावहरु:**

१. चालु आ.ब. २०८२/८३ मा संचालित योजनाहरुको हालसम्मको प्रगति समिक्षा सम्बन्धमा ।

२. खाता संचालन सम्बन्धमा ।

३. पशु स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।

४. प्रदेश शशर्त अनुदान रकम अन्तर्गत द.न.पा.१० का मन्दिरहरुमा सडक बत्ति जडान सम्बन्धि योजना कार्यान्वयन सम्बन्धमा ।

५. दमकल मर्मत सम्बन्धमा ।

६. बस पार्कमा रहेका सटर खालि गर्ने सम्बन्धमा ।

७. कर्मचारीहरुको तह बृद्दी शंशोधन सम्बन्धमा ।

८. तह बृद्दी सम्बन्धमा ।

९. कर्मचारीहरुको पद नाम शंशोधन सम्बन्धमा ।

१०. उपदान रकम सम्बन्धमा ।

११. शैक्षिक सुदृढिकरण अनुदान वितरण सम्बन्धमा ।

१२. शिर्षक शंशोधन सम्बन्धमा ।

१३. आर्थिक सहायता सम्बन्धमा ।

१४. बिबिध बिषय सम्बन्धमा ।

**निर्णय न. १ :**

चालु आ.ब. २०८२/८३ मा यस नगरपालिकाबाट संचालित योजना/कार्यक्रमहरुको हालसम्मको प्रगतिका बिषयमा छलफल एवं समिक्षा गरियो ।

**निर्णय न. २ :**

यस नगरपालिकाका लेखापाल राम बहादुर चन्द बिदामा जानु भएकोले लेखापालको अनुपस्थितिमा कार्यालयको आर्थिक कामकाज ठप्प हुने भएकोले भुमि प्रशासन कार्यालयको सहमति अनुसार भुमि प्रशासन कार्यालयका लेखापाल गोबिन्द सिंह रावत लाई आर्थिक कामकाजका लागि खटाई दिन हुन कोष तथा लेखा नियन्त्रक कार्यालय बैतडीलाई अनुरोध गर्ने निर्णय गरियो । साथै

**निर्णय न. ३ :**

यस नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार पशु शाखाबाट संचालन हुने १/१ दिने पशु स्वास्थ्य शिविर द.न.पा.का वडा न. १,२,८ र १० मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न. ४ :**

आर्थिक मामिला मन्त्रालयको मिति २०८२/१२/२५ गतेको प्राप्त पत्रानुसार वित्तीय हस्तान्तरण भई आएको द.न.पा.१० बैतडी नागार्जुन मन्दिर, दानेश्वर मन्दिर, प्याउलेधाम र बाराकोट कालापाट मन्दिरमा हाईमास्ट लाईट र सडक बत्ति जडान कार्यका लागि रु.३० लाख बिनियोजन भएकोले उक्त कार्यका लागि ठेक्का प्रक्रियाको समय अभाव रहेको, प्रबिधिमुलक कार्य भएकोले उपभोक्ता समिति मार्फत गराउन नसकिने हुँदा प्रचलित कानुन बमोजिम सार्वजनिक खरिद ऐनको दफा ४१ घ १ बमोजिम एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसंग कुनै खरिद गर्नु परेमा सोझै खरिद गर्न सक्ने कानुनी ब्यबस्था अनुसार उक्त कार्यक्रम नेपाल बिद्दुत प्राधिकरण संग सम्झौता गरि खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय न. ५ :**

यस नगरपालिकाको दमकल मर्मतका लागि दोस्रो सुचना प्रकाशन गर्दा पनि कुनै कम्पनीबाट मर्मतका लागि टेन्डर दर्ता नभएकोले दमकल मर्मतको ईस्टिमेट पुनरावलोकन गरी आवस्यक पर्ने रकम विपद ब्यबस्थापन शिर्षकबाट थप गरी पुन: सुचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ :**

पंचेश्वर गाउपालिका -३ कुलाउ बैतडी बस्ने श्री तारा चन्दले यस दशरथचन्द नगरपालिकाको वडा न. ४ गोठलापानी बजारमा रहेको पुरानो पसल घरको माथिल्लो तला होटेल प्रयोजनकालागि भाडामा लिई व्यापार व्यवसाय गरि आएको र निज श्री तारा चन्द २०७७साल देखि नै होटल समेत बन्द गरि सम्पर्क नरहेको हुदा नगरपालिकाले उक्त ठाउमा नगर बिकास कोषको ऋण सहयोगमा सपिंग कम्पलेस निर्माण गर्नकालागि पसल घर खाली गर्न निजलाई पटक पटक पत्राचार गरिएको, टेलिफोन बाट समेत सम्पर्क गर्दा समेत उपस्थित भइ खाली घर खाली नगरेकाले मिति २०७९ बैशाख ५ गते सोमबारका दिन जिल्ला प्रशासन कार्यालय बैतडी , जिल्ला प्रहरी कार्यालय बैतडी ,उधोग वाणिज्य संघ बैतडीका प्रतिनिधिहरु र प्रमुख प्रशासकीय अधिकृत ज्यू समेतको उपस्थितिमा उक्त घर खाली गरी सो भित्र रहेका सामानको मुचुल्का तयार गरि सर सामानहरु नगरपालिकाको बसपार्कमा रहेको आफ्नै सटरहरुमा स्टोर गरि राखेको हुदा निज उक्त सामान लैजानका लागि आजका मिति सम्म ४ बर्ष हुदा समेत सम्पर्कमा नआएकाले हाल उक्त सटरहरु कार्यालयलाई अति आवश्यक भएकाले सटर खाली गरी विपद व्यवस्थापन गर्न उद्दार सामग्रीको गोदाम राख्नु पर्ने भएको हुदा उक्त सटरहरुमा स्टोर गरि राखिएका सामानको बिवरण हेर्दा कतिपय सामानहरु कुहिने खराब हुने जस्ता सामान समेत भएकाले जे जस्तो अवस्थामा छ सम्पर्कमा आई आफ्नो सामान बुझी लैजान र नगरपालिका संग गर्नु पर्ने आफ्नो हर हिसाब किताब फरफारक गर्न हुन २१ दिने सुचना प्रकासित गर्ने र २१ दिन भित्र समेत सम्पर्कमा नआएमा प्रचलित कानुन एवं दशरथचन्द नगरपालिकाको मालसामान लिलाम बिक्री सम्बन्धि कार्यविधि २०८१ बमोजिम लिलाम बिक्री प्रक्रिया अगाडी बढाई सटर खालि गर्ने निर्णय गरियो ।

**निर्णय न. ७ :**

प्रस्तुत विषय सुदुरपश्चिम प्रदेश (गठन तथा सञ्चालन) ऐन २०८१ को पहिलो संशोधन अनुसार ऐनको दफा ९ बमोजिम भएका तहमिलानका सन्दर्भमा मूल ऐन लागु भएको मिति देखी लागु हुने गरी तहमिलान संशोधन गर्नु पर्ने उल्लेख भएकोले, सोहि बमोजिम ज्येष्ठता र पदनाम हुने गरी विगतमा यस नगरकार्यपालिकाको कार्यालयवाट भई गरेका तहवृद्धि/तहमिलानहरु संशोधन गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय न. ८ :**

सुदुरपश्चिम प्रदेश (गठन तथा सञ्चालन)ऐन २०८१ को दफा ९ को उपदफा ३ मा ऐ.ऐ को पहिलो संशोधनको दफा ३ को उपदफा ३ मा "पाचौं" भन्ने शब्दको पछी "छैटौं" भन्ने शब्द थपिएकोले, सोही ऐनमा मूल ऐन लागु भएका बखत ५ बर्ष सेवा अवधी पुरा भएका कर्मचारीलाई तहवृद्धि/ तहमिलान गर्ने उल्लेखित प्रावधान रहेकोले, सोही ऐनको दफालाई उल्लेख गरी अधिकृत छैटौ, भिम सिंह मौनी(185315) ले निवेदन पेश गरेकोमा, सो निवेदन ऐ.ऐ सम्मत रहेकोले निजलाई अधिकृत सातौ पदमा र सुदुरपश्चिम प्रदेश (गठन तथा सञ्चालन)ऐन २०८१ को दफा २७ अनुसार यस कार्यालयद्वारा तहवृद्धिका लागी मिति २०८२/१२/२३ गते प्रकाशित सुचना अनुसार यस कार्यालय अन्तर्गत कार्यरत कार्यालय सहयोगी लालमणी भट्ट र कार्यालय सहयोगी चक्रदेव भट्टले आवश्यक कागजात साथ निवेदन पेश गरेकोले निजहरुलाई ऐनको दफा २७ अनुसार तहवृद्धी गर्ने निर्णय गरियो।

**निर्णय न. ९ :**

यस कार्यालय अन्तर्गत बाराकोट स्वास्थ्य चौकीमा कार्यरत दिपेन्द्र सिंह धामी ले निजको योग्यता हेल्थ असिस्टेन्ट रहेकोमा निजलाई सुदुरपश्चिम प्रदेश (गठन तथा सञ्चालन) २०८२ नियम ६ बमोजिम पद नाम पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेकोले निजले पेश गरेको कागजात अध्ययन गर्दा नियम ६ बमोजिम पदनाम संशोधन गर्न उपयुक्त देखी निजको सि.अ.हे.ब को सट्टा हे.अ.पदनाम कायम गर्ने निर्णय गरियो।

**निर्णय न. १० :**

यस नगरपालिका कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक जिल्ला विकास समिति बैतडी बाट समायोजन भई आएका कार्यालय सहयोगी (चौथो श्रेणी) श्री लिलाधर पन्त यस नगरकार्यपालिकाको निर्णयानुसार मिति २०७७१००१ मा कार्यालय सहयोगी पाँचौं श्रेणीमा तहवृद्धी भएको, उक्त तहवृद्धी अनुसार सेवा सुविधा कायम भए तापनि निजको अवकाश सुविधा उपदान प्रयोजनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फाईल पेश गर्दा चौथो श्रेणी अनुसार मात्र उपदान रकम निकासा भएको हुँदा निजले पाँचौं श्रेणीको उपदान रकमका लागि यस नगरपालिकामा निबेदन पेश गरेकोले यस नगरकार्यपालिकाको कार्यालयवाट उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्देशनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय न. ११ :

प्रस्तुत विषय सम्वन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ४२६ मिति २०८२/०३/०४ गतेको पत्रानुसार यस पालिकालाई आ.व. २०८२/८३ को शैक्षिक सुधारका लागि वितिय हस्तान्तरण भएका विद्यालयमा भर्चुअल शिक्षण, इ लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन अनुदान शिर्षकको अनुदान तपसिलका विद्यालयहरुलाई छनौट गरि हस्तान्तरण गर्ने र नियमानुसार कार्यसम्पादन सम्झौता गरि कार्यक्रम सञ्चालन गर्न निर्देशन गर्ने निर्णय पारित गरियो।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम | बजेट |
|---|---|---|---|
| १ | दानेस्वर नागार्जुन मा.बि. रातामाटा द.न.पा. १० | विद्यालयमा भर्चुअल शिक्षण, इ लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन अनुदान | १०,००,०००/ |
| २ | नागार्चन मा.बि.बर्तोली द.न.पा.११ | विद्यालयमा भर्चुअल शिक्षण, इ लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन अनुदान | १०,००,०००/ |

CamScanner

**निर्णय न. १२ :**

प्रस्तुत विषय सम्वन्धमा यस नगरपालिकाको सातौं नगर सभाबाट स्वीकृत तपसिलका शिर्षकहरुमा विनियोजित रकम शंशोधन गरि तपसिलका आवस्यक योजनाहरुमा तपसिलको रकम बिनियोजन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | स्वीकृत शिर्षक रकम | रकम | शंशोधन गरिएको शिर्षक | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | दशरथचन्द नगरपालिका प्रवेशद्वार निर्माण | ७००००० .० | मौनिगाउँ देखि रिंगा हुँदै बामुनकुडा सडक निर्माण | ५००००० .० |
| २ | सार्वजनिक शौचालय निर्माण | ५००००० .० | थरडीगोड बोस सिचाई योजना द.न.पा.९ थप | १००००० .० |
| | | | पी सी सी बाटो निर्माण लमौता द.न.पा ९ थप | १००००० .० |
| | | | जर्ग गोराखालो ढल निकास द.न.पा. ०४ | ५०००० .० |
| | | | शिक्षा शाखा भवनको छत मर्मत | १००००० .० |
| | | | जगन्नाथ खेलमैदान ब्यबस्थापन | १५०००० .० |
| | | | आर्थिक सहायता | २००००० .० |
| | जम्मा | १२००००० .० | | १२००००० .० |

**निर्णय न. १३ :**

यस नगरपालिकामा बसोबास गर्ने तपसिल अनुसारका दिर्घ रोगी तथा आर्थिक बिपन्नता भएका नागरिकहरुलाई आवश्यक औषधि उपचार खर्च बापत तपसिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

१. चुडामणी जोशी द.न.पा. ०६ रु. २००००/-

२. बिरेन्द्र जोशी द.न.पा. ०९ रु. २००००/-

३. दिपक शर्मा द.न.पा. ०७ रु. १५०००/-

CamScanner